# आस्था र प्रतिवद्धताकी धरोहर
# इन्दिरा चापागाईं



जन्म : बि.सं. १९८४

# आस्था र प्रतिवद्धताकी धरोहर : इन्दिरा चापागाई



-पवित्रा निरौला

सामन्ती र पितृसत्तात्मक चिन्तनबाट ग्रसित नेपाली समाजलाई त्यसबाट मुक्त गर्न धेरै योद्धाहरूले सङ्घर्ष गरेका छन्, धेरैले त्याग गरेका छन् र दुःख-कष्टहरू झेलेका छन् । अन्याय, अत्याचारमुक्त सुन्दर र सुखी समाजको परिकल्पना गरेर नेपाल आमाका थुप्रै सन्तानहरू आन्दोलनमा होमिएका छन् र आफ्नो सुन्दर जीवन समाज परिवर्तनका निम्ति लगाएका छन् ।

विसं १९९३ सालमा मेची अञ्चल, पाँचथर जिल्लाको चिलिङ्गदिन गाउँमा आमा यशोदा नेपाल र बुवा प्रजापति नेपालको कोखबाट इन्दिरा चापागाईं जन्मनुभएको थियो । उहाँको ९ वर्षको कलिलो उमेरमा इलाम सोयाङ्ग निवासी मोहन चापागाईंसँग ००२ सालमा विवाह भएको थियो । श्रीमान मोहन चापागाईं वामपन्थी राजनीतिमा सामेल हुनुभएका कारण इन्दिरा पनि श्रीमान् र सागर चापागाईंको प्रेरणाबाट ०११ सालदेखि वामपन्थी राजनीतिमै संलग्न हुनुभयो । ०१५ सालमा ठूलो खडेरी पऱ्यो । सरकारी निकायबाट जनतालाई कुनै राहत उपलब्ध नभएपछि किसानहरू आन्दोलनमा उत्रिनुपऱ्यो । 'खलोबन्द कार्यक्रम'बाट किसान आन्दोलनको सुरुआत भयो । त्यस आन्दोलनको नेतृत्व सागरनाथ चापागाईं, महेश्वर आचार्य, मोहन चापागाईं, खड्गबहादुर कठायत, रुद्र चापागाईं, ज्ञानीराम भट्टराई, टीकाप्रसाद सापकोटा, पेम्बा लामा, बुद्धिमान तामाङ, अटलबहादुर विश्वकर्मा, मधुसूदन चापागाईं र महिलाहरूमा मनकुमारी दुलाल (दुलाल्नी बज्यै) र इन्दिरा चापागाईंलगायतले गर्नुभएको थियो ।

०१५ सालको आम निर्वाचनमा कम्युनिस्ट पार्टीका तर्फबाट उम्मेदवार हुनुभएका ज्ञानीराम भट्टराईलाई जिताउन उहाँले धेरै मिहिनेत गर्नुभयो र चुनाव प्रचार-प्रसारको कामलाई तीव्र रूपले अगाडि बढाउनुभयो । तर निर्वाचनमा कम्युनिस्ट पार्टीका उम्मेदवारको हार भयो । त्यसपछि गाउँका सामन्त कुलबहादुर खत्रीलाई जनतामाथि शोषण दमन बढाउन अझै मौका मिल्यो । उसले माइपातलमा रहेको हौज (मुहान) बिगारी जनतालाई पानी पिउनबाट पनि बञ्चित गरायो । गाउँले चेलीबेटीमाथि झम्टिने, बलात्कार गर्ने र अनाहकमा कुटपिट गर्ने आदि उसका बर्बरतापूर्वक अत्याचारविरुद्ध किसान आन्दोलनको सूत्रपात भयो । सङ्गठनको निर्णयअनुसार सामन्त कुलबहादुर खत्रीविरुद्ध कालो झण्डा फहराउँदै विभिन्न ठाउँमा विरोध कार्यक्रम सम्पन्न गरिए ।

इन्दिरा चापागाईं ती दिनको सम्झना गर्दै भन्नुहुन्छ- ०१५ साल वैशाख २० गते इलाम सोयाङ्गको खरिडाँडामा करिब दुई हजार पाँच सयको जनसहभागितामा भएको विरोध कार्यक्रममा आधारित गरेर बनाइएको गीत थियो:

*'०१५ साल वैशाख २० का दिनमा*
*किसान धेरै एकजुट भयौं सोयाङ्ग पाखामा ।*
*झस्टेर आयो त्यो कुले खत्री सामन्ती चुसाहा*
*गरिबको रगत चुसेर मात्ती आएको बौलाहा ।*
*एक्कासि हाम्रो भाँचेर झण्डा च्याते है चरर*
*यो हाम्रो छाती चिरेर मार्न चुक घस्यो सरर*
*किसान कोही नाघेर सीमा अगाडि बढेनन् ।*
*मुखले चाहिं इज्जत उसको केही बाँकी राखेनन् ।*
*साहस अति मनमा रोक्ने त्यो शक्ति किसानको*
*नछोडी हात लिएको सातो सामन्ती कुलेको*
*डरले कुले थरथरी काम्दै केही माथि गएर*
*तर्साउन हो कि किन हो केही लेखेझैं गरेर*
*उठेर हिंड्यो छिनेको झोला गाँठो है पारेर ।*
*किसान जागे अधिकार मागे अगाडि बढेर ।'*

बडाहाकिम सन्तवीर लामाको ज्यादतिविरुद्ध ०१६ सालमा पार्टीले अर्को आन्दोलन सुरु गर्‍यो। त्यस आन्दोलनमा इन्दिरा चापागाईंको पनि सक्रिय सहभागिता थियो । 'ठेकी-बेठी मिनाहा गर, मोहियानी हक कायम गर, जसको जोत उसको पोत कायम गर, १० प्रतिशत ब्याज कायम गर', आदि त्यस आन्दोलनका माग थिए । आन्दोलनले क्रमशः उचाइ प्राप्त गर्‍यो । आन्दोलनमा प्रतिक्रियावादी शासकहरूले तीव्र दमन सुरु गरे । त्यस क्रममा किसान आन्दोलनका अगुवा ज्ञानीराम भट्टराई, खड्गबहादुर कठायत, मोहन चापागाईंलाई गिरफ्तार गरी जेल पठाइयो । मधुसूदन चापागाईं र सागर चापागाईंलाई प्रहरीले मरणासन्न हुने गरी कुटेर धारामा फ्याँकिदियो । तर, शासकहरूको चर्को दमनका बाबजुद आन्दोलन रोकिएन । बरु निरन्तर अगाडि बढिरह्यो । आन्दोलनको दबाबले आखिर नवौं दिनका दिन गिरफ्तार नेताहरूलाई रिहा गर्न सरकार बाध्य भयो। नेताहरूलाई अबिरमाला लगाएर इलाम बजार परिक्रमा गराउँदै नारा जुलुसका साथ किसान समूह सोयाङ्ग फर्कियो । त्यसताक लगाइएका नारा थिए:

*'किसानको जित यो सन्तेको हार*
*हाम्रा नेता साथै छन् मालाको सार*
*हाम्रा माग लिई छाड्छौं जनताको बलले*
*मान्ने छैनौं त्यसै हामी कसैको छलले*
*इन्कलाब-जिन्दावाद !*

नेताहरूलाई जेलबाट रिहा गरियो । तर, शासकहरूको कठोर यातनाका कारण इन्दिराका पति मोहन चापागाईं गम्भीर बिरामी पर्नुभयो । यातनाकै कारणले उहाँको ०१६ साल फागुन ३० गते मृत्यु भयो । बिरामी अवस्थामा

श्रीमान्ले भनेको कुरा सम्झना गर्दै इन्दिरा चापागाईं भन्नुहुन्छ -'इन्दिरा तिमीले राजनीतिमा राम्ररी लाग्नु, समाजका असल मानिससँग सम्पर्क गर्नु, कहिल्यै नआत्तिनु, वैरीसँग कहिल्यै नझुक्नु, म मरे पनि तिमीले कम्युनिस्ट पार्टी कहिल्यै नछोड्नु !' श्रीमान्का यिनै वचनहरू उहाँका लागि सधैं मार्गदर्शक रहे । श्रीमान्को मृत्यु हुँदा इन्दिरा दुई जिउकी हुनुहुन्थ्यो । साथमा एक वर्षका नाबालक छोरा पनि थिए । त्यस्तो अवस्थामा श्रीमान्को मृत्यु भएकाले इन्दिरा धेरै विह्वल हुनुभयो ।

उहाँको सानो र सुखी परिवार उजाड भयो । तर, त्यस्तो पिडादायी कठिन घडीमा पनि उहाँ विचलित हुनुभएन । पार्टीसँगको सम्पर्कलाई जीवित राखेर उहाँ निरन्तर अगाडि बढ्नुभयो । त्यतिबेलाको सामन्ती समाजले विधवालाई हेला र अपमान गर्ने चलन थियो । त्यस्तो अपमान, तिरस्कार र दुरुत्साहनबाट इन्दिरा अछुतो रहनु सम्भव थिएन । तर, उहाँले हिम्मत हार्नु भएन, बरु निरन्तर सङ्घर्ष गरिरहनुभयो । ०१६ साल चैतमा उहाँकी छोरी जन्मिइन् तर जन्मेको केही समयपछि नैं मृत्यु भयो । तर, उहाँ जीवनका हरेक मोडहरूमा हन्डर र ठक्कर खाँदै दुःख-सास्ती झेल्दै आफ्नो आस्था र प्रतिबद्धतामा अडिग रहनुभयो । आफूलाई न्याय र सत्यको पक्षमा निरन्तर सङ्घर्षमा लागिरहने प्रेरणा दिने दुलाल्नी बजैलाई उहाँ सधैं सम्झने गर्नुहुन्छ । दुलाल्नी बजै (मनकुमारी दुलाल), जसले किसान आन्दोलनलाई दमन गर्न आएका अत्याचारी बडाहाकिम सन्तवीर लामालाई घोडाबाट खसालेको ज्यादै चर्चा हुने गर्दछ ।

०१७ सालमा मुलुकमा निरङ्कुश जहानियाँ शासन सुरु भयो । परिणामस्वरूप जनताले पाएका सीमित हक-अधिकार पनि खोसिए । अगुवा नेता कार्यकर्ताहरू निर्वासित हुन र भूमिगत बन्न बाध्य भए । मुलुकको त्यस्तो स्थिति र आफ्नो सम्पूर्ण घर व्यवहार धान्नुपर्ने कारणले गर्दा उहाँलाई निक्कै समस्या पऱ्यो । उहाँका सबै जेठाजुहरू ०१८ सालमा तराईतिर झर्नुभयो । त्यसैले उहाँ पनि इलाम बसिरहन सक्नुभएन । ०२० सालमा इलामबाट बसाइँ सरेर झापाको सतासीधाम गाविसको आँपटारीमा आफ्ना जेठाजुकै नजिक उहाँ पनि बस्न थाल्नुभयो । पार्टी भूमिगत रहेको, आफ्नो पारिवारिक जीवनमा ठूलो बज्रपात परेको र बसाइँ सर्नुपरेको कारणले उहाँको पार्टी सम्पर्क टुट्न पुग्यो ।

एउटा छोरालाई असल मान्छे बनाउन र पार्टीसँगको सम्पर्क कायम गर्न उहाँले निरन्तर प्रयास गर्नुभयो । तर, आन्दोलनमा देखा परेको निराशा, शिथिलता र पलायनका कारण उहाँको पार्टी सम्पर्क पुनः जोडिन सकेन । वामपन्थी राजनीतिमा लागेका केही व्यक्तिहरुसँग उहाँको सम्पर्क रहेको भए पनि पार्टीसँग खासै सम्पर्क भएन । ०१७ देखि ०२२ सालसम्म झापा जिल्ला नै सङ्गठनविहीन अवस्थामा रह्यो ।०२८ सालमा उहाँ झापाको आँपटारीबाट दूधेमा बसोबास गर्न थाल्नुभयो । त्यसैबेला नयाँ शिराबाट सङ्गठित झापाको सशस्त्र किसान आन्दोलन सुरु भयो । त्यसले समाजमा एउटा तरङ्ग नै ल्याइदियो । आन्दोलनका

सङ्गठनकर्ताहरू भूमिगत रूपमा जनतालाई सचेत र सङ्गठित गर्दै जनताको घरदैलोमा पुग्नथाले । त्यस्तै अवस्थामा आन्दोलनकारीहरूसँग उहाँको पुनः सम्पर्क हुनपुग्यो । उहाँको घर सेल्टरका रूपमा प्रयोग हुन थाल्यो । आफ्नो घरलाई पार्टीको सेल्टरका लागि प्रयोग गर्न दिएर त्यस समयमा उहाँले पार्टीलाई ठूलो सहयोग पुऱ्याउनुभयो । दूधेमा गाउँले मित्रहरू दधिराम खनाल र पदम कार्कीसँग उहाँको राजनीतिक सम्पर्क भयो । यसरी झापा आन्दोलनको पछिल्लो कालमा पार्टीसँग उहाँको सम्पर्क पुनः स्थापित हुन पुग्यो ।

वामपन्थी राजनीतिप्रति आस्था राखेका कारण उहाँलाई निरङ्कुश पञ्चायती शासकहरूले विभिन्न किसिमले दुःख दिने काम गरे । उहाँको जग्गामा कथित मोहियानीको मुद्दा लाएर धान लुट्ने काम पनि गरे । यसरी प्रायोजित ढङ्गले एकपछि अर्को मुद्दा मामिला र षड्यन्त्र रचिएपछि उहाँलाई जीवन धान्नै कठिन भयो । अन्त्यमा, उहाँले आफ्नो दूधेको बसोबास नै छाड्नुपऱ्यो र ०३५ सालमा उहाँ दमकमा बसाइ सर्नुभयो ।

दमकमा बसोबास गर्न थालेपछि पुष्प पोखेल र इन्द्र बुढाथोकीमार्फत उहाँ पार्टी सम्पर्कमा पुग्नुभयो । अनि पार्टीका विभिन्न कमिटीमा सङ्गठित भएर काम गर्न थाल्नुभयो । ०४० सालमा पार्टी केन्द्रबाट अमृतकुमार बोहरा र अष्टलक्ष्मी शाक्य पार्टी काम गर्न आएपछि उहाँहरूसँगको जीवित सम्पर्कले उहाँलाई पार्टी काममा सक्रिय हुन अरू मजुबत बनायो । काम गर्ने जाँगर पनि बढेर आयो । त्यसैले अनेमसङ्घ १७ नम्बर इलाकाको अध्यक्ष भएर उहाँले काम गर्नुभयो । उहाँ नेकपा (एमाले) झापा जिल्ला कमिटीको सल्लाहकार सदस्य पनि रहिसक्नुभएको छ ।

जीवनका महत्वपूर्ण क्षणहरूमा धेरै दुःख-कष्टहरू झेल्दै, अन्याय, अत्याचारहरूसँग जुझ्दै उहाँले महिला मुक्तिको आन्दोलनलाई माथि उठाउनुभएको छ । आज ७६ वर्षको उमेरमा समेत जस्तासुकै प्रतिकूलताविरुद्ध जुध्दै केही समय निकालेर राजनीतिमा लाग्न महिला दिदी-बहिनीहरूलाई उहाँले प्रेरणा प्रदान गरिरहनुभएको छ । 'यो देशको जिम्मा सचेत युवा-युवतीहरूले लिनुपऱ्यो, हिजोको इतिहास पढेर, शासकले दिएको दुःख-कष्टलाई बुझेर अगाडि बढ्नुपऱ्यो । सुख, सयल र मोजमस्ती मात्र जीवन होइन, जनताको सुख-दुःखको साथी बन्न र जनताको मुटुको ढुकढुकी बन्न म सबै युवालाई अनुरोध गर्न चाहन्छु' भन्ने उहाँको भनाइ विशेष मननयोग्य छ । उहाँ प्रेरणाकी खानी हुनुहुन्छ । माया, ममता र स्नेहीकी धनी हुनुहुन्छ । अन्याय अत्याचारविरुद्ध लडिरहने दरिलो फलामे खम्बा हुनुहुन्छ । इन्दिरा आफ्नो एक सन्तानको मात्रै आमा नभएर हजारौं-हजार नेपालीको आमा बन्नुभएको छ । आस्था र प्रतिबद्धताकी धरोहर इन्दिरा चापागाईं सधैं सधैं दुनियाँ बदल्ने आन्दोलनकी प्रेरक आमा रहिरहनुहुनेछ ।